आज मिति २०७७ साल माघ ७ गते बुधवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: आर्थिक ऐन २०७७ र विनियोजन ऐन २०७७ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.२: म्याराथन प्रतियोगिताको पुरस्कार सम्बन्धमा ।
प्रस्ताव नं.३: प्राकृतिक स्रोत साधन कर उठाउने अस्थायी विट निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.४: आवश्यक ऐनहरुको मस्यौदा तयार गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि सम्बन्धमा ।
प्रस्ताव नं.६: शिशाघाट नयाँ शहर अवधारणा आयोजना प्रस्ताव स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.७: व्यास नगरपालिका बहुउद्देश्यीय भवन निर्माण सम्झौता प्रक्रिया सम्बन्धमा ।
प्रस्ताव नं.८: कृषि संरचना निर्माणको दस्तुर सम्बन्धमा ।
प्रस्ताव नं.९: करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१०: अत्यावश्यक कार्यक्रममा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.११: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१२: ठेक्का स्वीकृत सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यही २०७७ माघ २७ गते हुने चौतिसौं नगर सभामा आर्थिक ऐन २०७७ र विनियोजन ऐन २०७७ को संशोधन प्रस्ताव तयार गरी पेश गर्न क्रमश: स्थानीय राजश्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन दिने निर्णय गरियो । साथै वडा तथा नगरस्तरीय रुपमा तय भएका संशोधित कार्यक्रमहरु २०७७।१०।१७ गते भित्र पेश गर्न सम्पूर्ण वडा समिति र कार्यालयमा निर्देशन गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आगामी माघ १६ गते हुने चौंथो खुल्ला व्यास नगर अल्ट्रा म्याराथन प्रतियोगिताको लागि आवश्यक सम्पूर्ण तयारी गर्न सम्बन्धित समिति एवं उपसमितिहरुलाई निर्देशन दिने र प्रतियोगिता हुने दिनमा धावकहरु आ-आफ्नो ठाउँमा आइपुग्दा धावन मार्गमा उपस्थित भई खेलाडीहरुलाई स्वागत गरी हौसला प्रदान गरी सहयोग गरिदिनुहुन सम्पूर्ण टोल विकास संस्था, आमा समूह, स्थानीय युवा क्लब लगायत आम नगरवासीहरुलाई हार्दिक अनुरोध गर्ने निर्णय गरियो । साथै उक्त प्रतियोगिताको पुरस्कार राशी यस वर्षका लागि देहाय बमोजिम कायम गर्ने समेत निर्णय गरियो ।

-प्रथम पुरस्कार: रु.८५,०७७ (कर वाहेक)
-द्वितीय पुरस्कार: रु.६५,०७७ (कर वाहेक)
-तृतीय पुरस्कार: रु.५५,०७७ (कर वाहेक)
-सान्त्वना पुरस्कार ५ जनालाई जनही: रु.१६,०७७ (कर वाहेक)

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा मादीनदीको प्राकृतिक साधन उपयोग कर असुलीका लागि कार्यालयले खोलेका विभिन्न घाटहरुबाट हुने कर असुली प्रक्रियालाई थप कडाइका साथ पारदर्शी एवं व्यवस्थित गराउनको लागि आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै घाटहरुमा बस्ने कर्मचारीहरुको लागि आवश्यक अस्थायी विट तत्कालै निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकालाई आवश्यक पर्ने विभिन्न ऐनहरुको मस्यौदा तयार गरी नगर कार्यपालिकामा पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यसञ्चालन कार्यविधि, २०७७ संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको पारस्परिक कोष समेत नगर विकास कोषको अनुदान सहयोगमा यस नगरपालिका वडा नं.६ को शिशाघाट क्षेत्रमा "शिशाघाट नयाँ शहर अवधारणा आयोजना" को आयोजना प्रस्ताव तयार गरी नगर विकास कोषमा स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालय परिशरको उत्तरपूर्वतर्फ नगर विकास कोषको सरल ऋृण तथा अनुदान एवं यस नगरपालिकाको पारिस्परिक कोष समेत संयुक्त लगानीमा निर्माण प्रस्ताव गरिएको बहुउद्देश्यीय भवन निर्माणका लागि नगर विकास कोषसँग सम्झौता गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा भौतिक संरचनाहरु निर्माणमा लाग्ने दस्तुर निर्धारण गर्दा अन्य सबै प्रयोजनका संरचनाहरुको लागि एकरुपता कायम गरी नक्सापास दस्तुर निर्धारण गरिएकोमा कृषि तथा पशुपंक्षी व्यवसायमा आवद्ध कृषकहरुले कृषि प्रयोजनको लागि निर्माण गर्ने अस्थायी संरचनाहरु करको दायरामा नआएका हुँदा कृषि तथा पशुपंक्षी व्यवसायमा आवद्ध कृषकहरुलाई समेत करको दायरामा ल्याउने उद्देश्यका साथ उनीहरुले निर्माण गर्ने (ट्रस एवं लोडवियरिङ्ग प्रविधिमा आधारित घर, गोठ, टहरा आदि) भौतिक संरचनामा प्रति वर्गफिट रु.१.०० (एक) का दरले नक्सापास दस्तुर लिई निर्माण कार्यका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद २०७७ पौष मसान्तमा समाप्त भएकोले म्याद समाप्त भएको मितिदेखि लागु हुने गरी २०७८ असार मसान्तसम्मको लागि साविक कै सेवा सुविधा पाउने गरी सम्पूर्ण करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं. १० का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | नमराज बचकाई छोराछोरी पालन पोषणका लागि गाई खरिद | १० | ४०,०००। | ४७ |
| २ | चिनु श्रेष्ठ घर भत्काई स्थानान्तरण | ४ | ५०,०००। | विपद |
| ३ | उपल्लो सिरुवारी खानेपानी योजना निर्माण | ६ | २,१०,०००। नगर<br>६००००। वडा बजेट | १२२<br>३३७ |
| ४ | वेनीकोट खेल मैदान तारजाली | १३ | ७०,०००। | ३९ |
| ५ | केरमपानी पधेरो बाटो मर्मत | ११ | ७०,०००। | विपद |
| ६ | सर्वज्योति मा.वि. पुस्तक खरिद | १० | २५,३९८। | ७६ विविध |
| ७ | ठूलोटार लिफ्टिङ खानेपानी योजना | ५ | २,१०,०००। | १२२ |
| ८ | पुरनडिही फेदीफाँट कृषि सडक स्तरोन्नति | ११ | ७०,०००। | १२७ |
| ९ | वेलटारी सामुदायिक भवन शौचालय निर्माण | ११ | ५०,०००। | ६५ |
| १० | जनसेविका प्रा.वि. मर्मत र रंगरोगन | १ | २,००,०००। | १४२ |
| ११ | एकीकृत हरित विकास नेपाल विद्यालय प्रविधि विकास | १० | ४००,०००। | ५४ |
| १२ | वेदव्यास प्रा.वि. कम्पाउण्ड निर्माण | ४ | ९,००,०००। | २४८: ५ लाख<br>१४२: ४ लाख |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा गत नगर सभाबाट स्वीकृत तपशिल बमोजिमका योजनाहरुको सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम योजना परिवर्तन गर्ने निर्णय गरियो ।

| सि.नं | सभाबाट निर्णय भएको योजनाको नाम | वडा | परिवर्तन गरी हाल कायम गरिएको योजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | -पुलचोक टोल अन्तर्गत बसुन्धरा जमरकट्टेलको घरदेखि तल भरत काफ्लेको घरसम्म नाला निर्माण (शि.नं. २१०) रु.३ लाख<br>-पुलचोक टोल अन्तर्गत अमरराज कैनीको घरदेखि बुल्दी खोला कजवेसम्म बाटो आर.सि.सि. ढलान (शि.नं.२०९) मा बचेको रकम रु.३,७४,०००। | २ | क्याम्पस जाने मार्गको पूर्वतर्फ बुल्दी खोलाको कजवेसम्म आर.सि.सि. ढलान | ६,७४,०००। |
| २ | रिस्ती बराह शान्ति मार्ग स्तरोन्नति रु.७ लाख (शि.नं. ३९८) | ८ | सत्यदेवी टोल विकास संस्था भित्री विलाउनी गाउँमा सिढी निर्माण | ७,००,०००। |
| ३ | सोमाजन, बालपरोपकार, सहजीवन, कृष्णालय, नयाँज्योति प्रा.वि. र शहिद धर्म नि.मा.वि. शैक्षिक गुणस्तर रु.२ लाख (शी.नं.३७८) | ८ | बाढीले क्षति पुर्‍याएका वडा भित्रका सडक कुलो मर्मत निर्माणका लागि विपदमा उक्त रकम ट्रान्सफर गरी खर्च लेख्ने | २,००,०००। |
| ४ | रिस्ती फेदीपाखा मोटर मार्ग निर्माण (क्रमागत ११३) | ८ | रिस्ती बराह रानी मार्गको कालामाटमा ग्याविन भर्ने कार्य | २,००,०००। |

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा विभिन्न निर्माण कार्यको लागि प्रकाशित बोलपत्र सम्बन्धी सूचना अनुसार कार्यालयमा दर्ता हुन आएका विभिन्न फर्मको बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित फर्मका बोलपत्रहरु स्वीकृतको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले मूल्यांकन समितिको सिफारिस बमोजिम ठेक्का स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | ठेक्का नं. | फर्मको नाम | कबोल रकम (मू.अ.कर र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | माहेन्द्री मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण | (ठेक्का नं.२२/ vyasmun/२०७७।०७८) | श्री एस.के.कन्स्ट्रक्सन वेनी ६, म्याग्दी | रु.४४,२९,२२७।७४ |
| २ | कालिका मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण | (ठेक्का नं.२३/ vyasmun/२०७७।०७८) | श्री बेलु निर्माण सेवा व्यास २ दमौली तनहुँ | रु.२५,६९,६७८।०० |
| ३ | नरंगा कलेस्ती सिचाई योजना | (ठेक्का नं.२४/ vyasmun/२०७७।०७८) | श्री वाइल्डस्टोन कन्स्ट्रक्सन व्यास १०, तनहुँ | रु.२९,०३,२२५।०० |
| ४ | चोकमा ब्लक बिछ्याउने योजना | (ठेक्का नं.२५/ vyasmun/२०७७।०७८) | श्री लक्ष्मी निर्माण सेवा व्यास २ दमौली तनहुँ | रु.२६,६८,६८८।४० |
| ५ | क्यामिन मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजना | (ठेक्का नं.२६/ vyasmun/२०७७।०७८) | श्री अकलादेवी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. शुक्लागण्डकी ३ तनहुँ | रु.१४,२७,३७७।२० |